श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

श्री ५ को सरकारले विकास समिति ऐन, २०१३ को दफा ८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी खण्ड ३१, मिति २०३८।१०।२६ संख्या ४३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको सूचना बमोजिम गठित "स्थानीय विकास निर्माण समिति (गठन) आदेश, २०३८" लाई मिति २०४६ श्रावण १ गतेदेखि लागू हुने गरी खारेज गरी उक्त समितिले गर्दै आएका कामहरू विकेन्द्रीकरणको व्यवस्थासंग मिलाई यस मन्त्रालय तथा विभागहरूको नयाँ प्रस्तावित संगठनका जिल्लास्तरीय निकायहरूबाटै संचालन गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
मुक्तिप्रसाद काफ्ले
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

श्री ५ महाराजाधिराज सरकारबाट श्री विश्वनाथ सापकोटालाई राष्ट्रिय योजना आयोगको उप-सचिव पदबाट सोही आयोगको सह-सचिव (प्रशासन सेवा, रा.प. प्रथम श्रेणी) पदमा २०४६ साल वैशाख १ गतेदेखि लागू हुने गरी पदोन्नति गरी दिन हुकुम बक्स भएकोले २०४६ वैशाख १ गतेदेखि लागू हुने गरी राष्ट्रिय योजना आयोगको सह-सचिव पदमा बढुवा हुनुभएको छ ।

### सूचना २

श्री ५ महाराजाधिराज सरकारबाट निम्न सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका देहायका अधिकृतहरूलाई मिति २०४६।१।१ देखि लागू हुने गरी प्रशासन सेवा, रा. प. प्रथम श्रेणी, सह-सचिवस्तरको पदमा पदोन्नति गरी दिन हुकुम बक्स भएकोले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४